26 February, 2026

आकाशवाणी

मुख्य समाचार-

1. राष्ट्रपति द्रोपदा मुर्मुले गर्नुभयो आज झारखण्डको भ्रमण

2. भारत र इजरायलले भूभौतिकीय अन्वेषण, मत्स्यपालन तथा जलचर, UPI, कृत्रिम बुद्धिमत्ताको प्रयोग आदि विभिन्न क्षेत्रमा गरे समझदारी पत्र आदानप्रदान

3. मोदी सरकार भारतीय भूमिबाट प्रत्येक घुसपैठलाई निष्कासन गर्न प्रतिबद्ध रहेको गृहमन्त्री अमित शाहको बयान

4. निर्वाचन आयोगले जारी गर्यो राज्यसभा निर्वाचन सूचना

अनि

5. सर्वोच्च न्यायलयले लगाए NCERT कक्षा ८ को पाठ्यपुस्तकमा  पूर्ण प्रतिबन्ध

------------

1. राष्ट्रपति, झारखण्ड

राष्ट्रपति द्रौपदी मुर्मु आज एक दिवसीय भ्रमणमा झारखण्ड पुग्नुभयो। राष्ट्रपतिलाई राँचीको बिरसा मुण्डा विमानस्थलमा राज्यपाल सन्तोष कुमार गङ्गवार र मुख्यमन्त्री हेमन्त सोरेनले स्वागत गरे। त्यसपछि उहाँ एमआई-१७ हेलिकप्टरमा जमशेदपुरका लागि प्रस्थान हुनुभयो।

राष्ट्रपतिले जमशेदपुरको कदमामा श्री जगन्नाथ मन्दिरको शिलान्यास र भूमिपूजन समारोहमा सहभागिता जनाउनु भयो। यसपछि, राष्ट्रपतिले मणिपाल टाटा मेडिकल कलेजका विद्यार्थीहरूसँग अन्तरक्रिया पनि गर्नुभयो।

## 2. जम्मू-काश्मीर- उपराष्ट्रपति

उपराष्ट्रपति सी.पी. राधाकृष्णन जम्मू-कश्मीरको दुई दिने भ्रमणका लागि हिजो श्रीनगर पुग्नुभयो। पदभार ग्रहण गरेपछि केन्द्र शासित प्रदेशको यो उहाँको पहिलो भ्रमण हो। उहाँलाई श्रीनगर अन्तर्राष्ट्रिय विमानस्थलमा जम्मू-कश्मीरका उपराज्यपाल मनोज सिन्हा, मुख्यमन्त्री उमर अब्दुल्लाह, स्वास्थ्य तथा शिक्षा मन्त्री सकिना इटु र अन्य विशिष्ट व्यक्तिहरूले स्वागत जनाए।

आज, उपराष्ट्रपति कश्मीर विश्वविद्यालयको २१ औँ दीक्षान्त समारोहमा प्रमुख अतिथिको रूपमा सहभागी भन्नुभयो।

## 3.प्रधानमन्त्री-इसरायल

प्रधानमन्त्री नरेन्द्र मोदीले इजरायलको राजकीय भ्रमणको दोस्रो दिनमा आज इजरायली प्रधानमन्त्री **बेन्जामिन नेतान्याहू**सँग शीर्षमण्डल वार्ता गर्नुभयो। यसअघि, उहाँले इजरायली राष्ट्रपति श्री **इसाक हार्जो**सँग पनि वार्ता गर्नुभयो।

यसरीनै आज भारत र इजरायलले सांस्कृतिक आदानप्रदान, भूभौतिकीय अन्वेषण, मत्स्यपालन तथा जलचर, UPI, र कृत्रिम बुद्धिमत्ताको प्रयोग मार्फत शिक्षा प्रवर्द्धन लगायत धेरै क्षेत्रहरूमा **समझौता पत्र (MoU)** आदानप्रदान गरे। **यरुसलममा** यो सम्झौता पत्र आदानप्रदान श्री मोदी र श्री नेतान्याहू बीचको शीर्षमण्डल वार्तापछि भएका छन्।

प्रधानमन्त्रीले भन्नुभयो, दुवै देशले लामो समयदेखिको साझेदारीलाई विशेष रणनीतिक साझेदारीको दर्जा दिने ऐतिहासिक निर्णय लिएको छ।

प्रधानमन्त्रीले इजरायलमा UPI को प्रयोगका लागि सम्झौता भएको जानकारी दिनुभयो।

यसैक्रममा प्रधानमन्त्रीले भन्नुभयो दुवै देशले मुक्त व्यापार सम्झौतालाई अन्तिम रूप दिनेछ। श्री मोदीले भन्नुभयो दुवै देशले रक्षा क्षेत्रमा पनि सहयोग अघि बढाउने निर्णय लिएको जानकारी पनि दिनुभयो।

### 4. अमित शाह - बिहार

गृहमन्त्री अमित शाह आजदेखि बिहारको तीन दिने भ्रमणमा हुनुहुन्छ। अररियामा आयोजित एउटा र्‍यालीलाई सम्बोधन गर्दै श्री शाहले नरेन्द्र मोदी सरकार भारतीय भूमिबाट प्रत्येक घुसपैठलाई निष्कासन गर्न प्रतिबद्ध रहेको बताउनु भयो।

गृहमन्त्रीले घुसपैठ हटाउने काम मतदाता सूचीबाट नाम हटाउनमा मात्र सीमित नरही देशबाट अवैध आप्रवासन हटाउने अभियान पनि हो भन्नुभयो।

श्री शाहले बङ्गलादेश र नेपालसँग सीमाना जोडिएका किशनगञ्ज, पूर्णिया र कटिहार जिल्लाहरूको पनि भ्रमण गर्नुहुनेछ।

### 5. गडकरी - सडक सुरक्षा

**सडक यातायात तथा राजमार्ग मन्त्री** नितिन गडकरीले सडक सुरक्षा देशका लागि एउटा महत्त्वपूर्ण र गम्भीर मुद्दा भएको बताउनु भयो। उहाँले भारतमा बढ्दो सडक दुर्घटनाप्रति चिन्ता व्यक्त गर्नुभयो।

आज नयाँ दिल्लीमा आयोजित सडक सुरक्षा सम्बन्धी राष्ट्रिय सम्मेलनलाई सम्बोधन सडकको गुणस्तर सुनिश्चित गर्न वित्तीय लेखापरीक्षणसँगै प्रदर्शन लेखापरीक्षण मुख्य रहेको तथा देशको अटोमोबाइल उद्योगका लागि नियम र मापदण्डहरू विश्वव्यापी सडक सुरक्षा मापदण्डहरूसँग मेल खाने बताउनु भयो।

### 6.वैष्णव सम्मेलन

**सूचना तथा प्रसारण मन्त्री** अश्विनी वैष्णवले सोसियल मिडीया सामग्रीमा अनुहार, आवाज वा व्यक्तित्व प्रयोग गरिएको व्यक्तिको सहमति बिना कृत्रिम सामग्री सिर्जना गर्नु हुँदैन भन्नुभयो। उहाँले आज नयाँ दिल्लीमा आयोजित एउटा सम्मेलनमा उक्त विचार व्यक्त गर्नुभएको हो।

श्री वैष्णवले सामाजिक सञ्जाल प्लेटफर्महरूले उनीहरूले प्रस्तुत गर्ने सामग्रीको जिम्मेवारी लिनुपर्ने बताउँदै नागरिक र बालबालिकाको अनलाइन सुरक्षा प्लेटफर्मको जिम्मेवारी हो भन्नुभयो।

## 7. अनुप्रिया - मेडिकल कलेजहरू

**स्वास्थ्य तथा परिवार कल्याण राज्यमन्त्री** अनुप्रिया पटेलले भारतका मेडिकल कलेजहरूमा बायोमेडिकल अनुसन्धानका लागि भविष्यको नवप्रवर्तन केन्द्रहरूको रूपमा देखा पर्ने सम्भावना रहेको बताउनु भयो।

नयाँ दिल्लीमा **मेडिकल कलेज रिसर्च कनेक्ट** २०२६ को उद्घाटन गर्दै राज्यमन्त्रीले यी संस्थाहरूले विद्यार्थीहरूलाई उच्च-गुणस्तरीय अनुसन्धान गर्ने अवसर प्रदान गर्न सक्ने बताउनुभयो।

यसरी नै उहाँले भारतीय स्वास्थ्य सेवा संस्थाहरूले हालैका वर्षहरूमा लगभग १,९०० अनुसन्धान परियोजनाहरू पूरा गरेको पनि आफ्नो सम्बोधनमा उल्लेख गर्नुभयो।

स्वास्थ्य अनुसन्धान विभागद्वारा आयोजित यस दुई दिने कार्यक्रममा भारतभरीका १०० भन्दा बढी मेडिकल कलेजहरूले सहभागी जनाएको छ।

## 8. निर्वाचन आयोग - राज्यसभा निर्वाचन सूचना

चुनाव आयोगले १० राज्यका ३७ वटा राज्यसभा सिट निर्वाचनको लागि सूचना जारी गरेको छ। आजदेखि मार्च ५ सम्म नामङ्कन दर्ता गर्न सकिनेछ। मतदान आगामी 16 मार्चमा हुनेछ।

महाराष्ट्रमा सात, तमिलनाडुमा छ, बिहार र पश्चिम बंगालमा पाँच-पाँच, ओडिशामा चार, आसाममा तीन, तेलङ्गाना, छत्तीसगढ र हरियाणामा दुई-दुई र हिमाचल प्रदेशमा एउटा सिटको लागि मतदान हुनेछ।

## 9. सर्वोच्च अदालत - NCERT पुस्तक प्रतिबन्ध

न्यायपालिकामा भ्रष्टाचार सम्बन्धी अध्याय भएको NCERT कक्षा ८ को पाठ्यपुस्तकमा सर्वोच्च न्यायलयले पूर्ण प्रतिबन्ध लगाएको छ। सर्वोच्च अदालतले सबै प्रतिहरू जफत गर्न र यसको डिजिटल संस्करणहरू हटाउन आदेश दिएको छ।

न्यायलयले केन्द्र र राज्य प्रशासनहरूलाई चाँडै आफ्नो निर्देशनहरूको पालना गर्न आदेश दिएको छ र कुनै उल्लङ्घन भएको खण्डमा गम्भीर कारबाही गर्ने चेतावनी दिएको छ। सर्वोच्च न्यायलयले NCERT निर्देशक र विद्यालय शिक्षा सचिवलाई कारण बताऊ नोटिश जारी गर्दै जिम्मेवारी व्यक्तिहरू विरुद्ध किन कारबाही नगर्ने भनेर सोधेका छन्।

प्रमुख न्यायाधीश सूर्य कान्तको नेतृत्वमा रहेको पीठले न्यायपालिकालाई कमजोर पार्न र यसको गरिमालाई धमिलो पार्न जानाजानी षड्यन्त्र गरिएको बताएका छन्। न्यायपालिकामा दीर्घकालीन प्रभाव पार्ने यस्ता प्रचार आपराधिक अवहेलनाको परिभाषा अन्तर्गत पर्ने पीठको भनाइ छ। पीठले यस मुद्दाको अर्को सुनुवाइ मिति 11 मार्च तय गरेको छ।

## 10. ICC क्रिकेट T20 विश्वकप

आइसीसी T20 क्रिकेट विश्वकपको सुपर ८ को समूह १ मा भारत र जिम्बाब्वेले चेन्नईको एमए चिदम्बरम स्टेडियममा आज साँझ ७ बजेदेखि खेलिरहेका छन्।

समूह १ को अर्को खेलमा, दक्षिण अफ्रिकाले वेस्ट इन्डिजलाई 9 विइकेटले पराजित गर्यो।

.....